अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

मितिः २०८३/०१/३१

## सडकपेटी अतिक्रमण गरी राखिएका सामग्री हटाउने सम्बन्धी सूचना।

यस अर्जुनधारा नगरपालिका अन्तर्गत शनिश्चरे बजार क्षेत्रमा रहेका केही व्यवसायिक पसलहरुले आफ्नो व्यवसाय सञ्चालन गर्दा सडकपेटीमा (फुटपाथमा) समेत विभिन्न सामाग्रीहरु राखी सडकपेटीमा अतिक्रमण गरेको पाइएकाले सर्वसाधारण नागरिकको आवागमनमा बाधा उत्पन्न भएको, बजार क्षेत्रको सौन्दर्यमा नकारात्मक असर परेको तथा दुर्घटनाको जोखिम समेत बढेको प्रति यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। सार्वजनिक सडक तथा सडकपेटी नागरिकहरूको सुरक्षित आवतजावतका लागि प्रयोग हुने सार्वजनिक सम्पत्ति भएकाले कुनै पनि व्यक्ति वा व्यवसायीले सडकपेटी ओगटेर व्यवसाय सञ्चालन गर्न नपाइने व्यहोरा सम्वन्धित सबैमा जानकारी गराइन्छ।

अतः शनिश्चरे बजार क्षेत्रमा सडकपेटी अतिक्रमण गरी राखिएका सम्पूर्ण सामग्रीहरु (बोर्ड, स्टयान्ड, टहरा) लगायतका संरचनाहरू यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र अनिवार्य रूपमा हटाई सडकपेटी खाली गर्न सम्बन्धित सबै व्यवसायीहरूमा जानकारीको लागि अनुरोध छ।

अन्यथा तोकिएको समय भित्र अटेर गरी सामग्री नहटाएमा प्रचलित कानून बमोजिम नगरपालिकाबाट सामग्री हटाउने कार्य गरिने तथा त्यसमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यवसायी स्वयंबाट असुल गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत